जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १५५ २०७८ साल माघ ४ गते मंगलबार (18 Jan. 2022 Tuesday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

विवाहलगायत अन्य भोजभतेरमा फजुल खर्च नगरौं, सभ्य र जिम्मेवार नागरिकको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

यस अंक भित्र : २ पृष्ठमा : श्रममन्त्रीका सय दिन : नीतिगत, कानूनी र... ३ पृष्ठमा : कोरोना खोप लक्ष्यउन्मुख. ३ पृष्ठमा : पाकिस्तानको कराँचीमा..

# प्रदेश २ को नाम ‘मधेस’, राजधानी ‘जनकपुरधाम’

## आज मधेस प्रदेशमा सार्वजनिक विदा



**दैनिक समाचारदाता**
**जनकपुरधाम, ३ माघ ।**

प्रदेश २ को नाम मधेश र स्थायी राजधानी जनकपुरधाम तोकिएको छ ।

प्रदेश सरकारका प्रवक्ता एवं अर्थमन्त्री शैलेन्द्र प्रसाद साहले मधेस प्रदेश र राजधानी जनकपुर भएकाले मंगलबार मधेस प्रदेशमा सार्वजनिक बिदा दिने निर्णय भएको जानकारी दिएका छन् ।

प्रदेशसभाको सोमबार बसेको बैठकले प्रदेशसभाको नाम मधेस प्रदेश र स्थायी राजधानी जनकपुरधाम राख्ने दुबै प्रस्ताव दुई तिहाई बहुमतका साथ पास भएको हो ।

प्रदेशको नामका लागि दोस्रो बैठकमा भएको मतदानमा ९९ सांसद मध्ये ८० जनाले पक्षमा मत दिएका थिए ।

सरकारको नेतृत्व गरिरहेको जनता समाजवादी पार्टी (जसपा)सँगै सत्तारुढ माओवादी केन्द्र र विपक्षी लोकतान्त्रिक समाजवादी पार्टीले संयुक्त रुपमा प्रदेशको नाम मधेश प्रस्ताव गरेका थिए ।

जसपाको ३९, माओवादीका ८ र लोसपाको १६ गरी ६३ जना सांसद थिए ।१ सांसद रहेको नेपाल संघीय समाजवादी पार्टीले पनि यसमा समर्थन जनाएको थियो ।


तर अरु दलका १६ सांसदले पनि प्रदशेको नाम मधेश राख्ने प्रस्तावको पक्षमा मतदान गरेका छन् ।

यसअघि कांग्रेसले ‘मिथिला भोजपुरा’, नेकपा एकीकृत समाजवादी र नेकपा एमालेले ‘जानकी’ तथा कांग्रेसकै सांसद राजेश्वर साहले ‘मध्य मधेश’ नाम प्रस्ताव गरेका थिए ।

यसअघि प्रदेशसभाको पहिलो बैठकले दुई तिहाई मतबाट प्रदेशको स्थायी राजधानी जनकपुरधाम तोकेको छ । राजधानी जनकपुरधाम तोक्ने प्रस्तावमा प्रदेशसभामा मतदान हुँदा सहभागि ९९ सांसद मध्ये ७८ वटा मत परेको हो ।

प्रस्ताव अन्तर्गत प्रदेशको राजधानी धनुषा जिल्लाको उत्तरमा ढल्केबर पूर्वपश्चिम लोकमार्ग, पूर्वमा कमला नदी, दक्षिणमा नेपालको सीमाना र पश्चिममा मिथिला माध्यमिकी परिक्रमाभित्रको सम्पूर्ण भूभाग समेटिएको जनकपुरधाम रहने उल्लेख छ ।

प्रदेशसभामा प्रदेशको राजधानी वीरगञ्ज-पोखरीया नगरपालिका, सखुआ प्रसौनी गाउँपालिका, पर्सागढी नगरपालिका, जीतपुर-सिमरा निजगढ हुँदै समरौनगढसम्म) तोक्ने प्रस्ताव र वीरगञ्ज महानगर तोक्ने प्रस्ताव पनि पेस भएको थियो ।



अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# नेपाल भारत मैत्री संघद्वारा निशुल्क स्वास्थ्य शिविरको आयोजना




**दैनिक समाचारदाता**
**राजविराज, ३ माघ ।**

नेपाल भारत मैत्री संघ सप्तरीको आयोजना एवं छिन्नमस्ता अस्पताल राजविराजको सहकार्यमा सोमबारदेखी सात दिने निशुल्क स्वास्थ्य शिविरको संचालन गरिएको छ ।

नेपाल भारत मैत्री संघका राष्ट्रिय अध्यक्ष ओमप्रसाद सरावगिले छिन्नमस्ता अस्पतालको हातामा आयोजित कार्यक्रमबीच उक्त शिविरको उद्घाटन गरे ।

शिविरको उद्घाटनका अवसरमा प्रमुख अतिथि सरावगिले स्वास्थ्यको सूचांङ्कमा सप्तरी निकै पछाडी रहेको भन्दै गरिब र विपन्नताका कारण स्वास्थ्य सेवा नपाई समस्यामा रहेकाहरुलाई लक्षित गरि शिविर आयोजना गरिएकोमा प्रशंसा गरे ।

स्वास्थ्य शिविरमा सरकारले तोकेको सुरक्षा मापदण्डको पालना गराउँदै स्वास्थ्य सेवा प्रदान गर्ने

*बाँकी तीन पृष्ठमा*

## सूचना । सूचना ॥ सूचना ॥।

यस ट्रेडर्सद्वारा पैठारी गरि बिक्रि वितरण गरिने DAIKIN INDIA, भारत ब्राण्डको अधिकतम खुदरा मुल्य निम्न अनुसार भएको सर्वसाधारणको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| SN | Products | Model Number | MRP |
|---|---|---|---|
| 1 | Wall Mount 1 TR | FTHT35UV16W | 78000 |
| 2 | Wall Mount1.5 TR | FTHT50UV16V | 95000 |
| 3 | Out Door Unit | RXYQ14TRY6 VRV IV | 495000 |
| 4 | Ductable IDU | FXDQ32PDV36 VRT | 55000 |
| 5 | Remote Controller VRV | BRC2E61 | 2000 |

**OM MANGAL BINAYAK TRADERS**
**NEW ROAD, KATHMANDU**

# श्रममन्त्रीका सय दिन : नीतिगत, कानूनी र संरचनागत सुधारका आधार तयार

काठमाडौं, ३ माघ (रासस)।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पछिल्ला तीन महिनाका अवधिमा आन्तरिक रोजगारी सिर्जना, वैदेशिक रोजगारीको व्यवस्थापन तथा श्रम प्रशासन सुधारमा उल्लेख्य सफलता हासिल गरेको जिकिर गरेको छ।

श्रममन्त्री कृष्णकुमार श्रेष्ठले मन्त्रालयको जिम्मेवारी सम्हालेयता श्रम क्षेत्रका समस्याका समाधान, वैदेशिक रोजगारीलाई व्यवस्थित र आन्तरिक रोजगारीका अवसर सिर्जना गर्न नीतिगत, कानूनी, संरचनागत सुधारको आधार तयार गरिएको बताइएको छ।

सय दिनको अवधिमा आफूले सम्पादन गरेको कामबाट वैदेशिक रोजगारीमा व्याप्त बेथिति हट्ने आशा जागेको मन्त्री श्रेष्ठले बताउनुभयो। गत असोज २२ गते श्रेष्ठ श्रममन्त्रीका रुपमा नियुक्त हुनुभएको थियो।

सो अवधिमा वैदेशिक रोजगारीको क्षेत्रका बेथिति हटाउने, काम, पारिश्रमिक तथा सेवासुविधाका हिसाबले आकर्षक तथा सुरक्षित गन्तव्य मुलुक पहिल्याउने र ती मुलुकसँग श्रम सम्झौताको पहल गर्ने विषय निष्कर्षोन्मुख भएको मन्त्री श्रेष्ठको भनाइ छ।

श्रम क्षेत्रमा गरिएका नयाँ थालनीले श्रम, रोजगारी र सामाजिक सुरक्षाका क्षेत्रमा 'तरङ्ग' ल्याएको र आमनागरिकमा नयाँ आशा पलाएको उहाँले बताउनुभयो। मन्त्री श्रेष्ठले श्रम क्षेत्रमा सुधार गर्न, सुशासन र भावी योजनाको मार्ग चित्रको प्रारुप अघि बढाउन प्रत्यक्ष र परोक्ष रुपमा सहयोग पुऱ्याउने सबैमा आभार प्रकट गर्नुभएको छ।

**श्रम मन्त्रालयले सार्वजनिक गरेको १०० दिनका कार्यहरू :**

**(क) वैदेशिक रोजगारी सहजीकरण**

१) सूचना प्रविधिको अधिकतम उपयोग गरी श्रम स्वीकृतिलाई पेपरलेस बनाइ सहज रूपमा सेवा प्रदान गर्न अनलाइन प्रणालीबाट मात्र पुनः श्रम स्वीकृति दिन थालिएको छ। अनलाइन र म्यानुअल दुवै तरिकाबाट काम गर्दा सेवा प्रवाहमा दोहोरोपना देखिएकाले वैदेशिक रोजगारसम्बन्धी सम्पूर्ण कामलाई वैदेशिक रोजगार व्यवस्थापन सूचना प्रणालीमार्फत गर्ने व्यवस्था गरिएको छ।

२) वैदेशिक रोजगारीमा जाने श्रमिक तथा कामदारलाई बिना झन्झट सहज र सरल तरिकाबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको छ। गुनासाहरू तत्काल सम्बोधनको व्यवस्था मिलाइएको छ। श्रम स्वीकृति नवीकरणका लागि चार चरणको व्यवस्थालाई दुई चरणबाट सम्पन्न गर्ने गरिएको छ। सेवाग्राहीका समस्या समाधान गर्न, जानकारी एवं सूचना प्रवाह गर्न हेल्प डेस्क स्थापना गरिएको छ।

३) सेवाग्राहीले वैदेशिक रोजगारसम्बन्धी सेवा प्रवाहका हरेक चरण र प्रक्रियामा बिचौलिया वा दोस्रो पक्षको सहयोग लिनै नपर्ने गरी सेवालाई सरलीकरण र सेवाग्राहीलाई कार्यालय तथा कर्मचारीमार्फत नै आवश्यक सहयोग र सहजीकरणको व्यवस्था मिलाइएको छ। बिचौलियालाई निषेध गरिएको छ। सेवा प्रवाहलाई सरलीकरण गर्न हाल कार्यान्वयनमा रहेका कार्यविधि तथा निर्देशिकामा संशोधनको गृहकार्य गरिएको छ।

४) वैदेशिक रोजगारसम्बन्धी समस्या हेर्ने गरी छुट्टै प्रहरी एकाइ गठन गर्ने तयारी अघि बढाइएको छ।

५) वैदेशिक रोजगारसम्बन्धी आउने गुनासोलाई तत्काल निराकरण गर्न, राहत, उद्धार तथा क्षतिपूर्तिको सिफारिस गर्न तथा अन्तर निकाय समन्वयका लागि 'र्‍यापिड रेस्पोन्स टिम' गठन गरिएको छ।

६) लामो समयदेखि रोकिएको दक्षिण कोरिया र इजरायलमा श्रमिक पठाउने कार्य सुरु गरिएको छ। इपिएस नवीकरण प्रक्रिया अघि बढेको छ।

७) बेलायतसँग श्रम सम्झौता गरी रोजगारीका लागि नेपाली नर्स पठाउने गृहकार्य सुरु गरिएको छ।

८) विभिन्न रोजगारदाता देशसँग नयाँ श्रम सम्झौता गर्ने तथा नवीकरणको गृहकार्य भइरहेको छ। नयाँ गन्तव्य मुलुकका रुपमा माल्दिभ्स, फ्रान्स, सेसेल्सलगायत देशसँग छलफल अघि बढाइएको छ।

९) संयुक्त अरब इमिरेट्स (युएई)मा कात्तिक दोस्रो साता भएको छैटौं श्रममन्त्रीस्तरीय 'आबुधाबी डाइलग' मा सहभागी भइ महामारीका कारण रोजगारी गुमाएर स्वदेश फर्केका श्रमिकको सामाजिक र आर्थिक जीबनलाई सुधार गर्न गन्तव्य देशले आर्थिक तथा प्राविधिक सहयोग गर्नुपर्ने, आप्रवासी श्रमिकको कार्यस्थल सुरक्षालाई सुनिश्चित गर्नुपर्ने, न्यूनतम पारिश्रमिक बढाउनुका साथै निःशुल्क खान-बस्न व्यवस्था गर्नुपर्ने, श्रमिकको क्षमता बिकासका कार्यक्रम गर्नुपर्ने र आगमन तथा प्रस्थान बिन्दुमा निःशुल्क पीसीआर परीक्षण, निःशुल्क क्वारेन्टाइन तथा आइसोलेसन सेन्टरको व्यवस्था र निःशुल्क उपचारको व्यवस्था मिलाउने प्रस्ताव गरिएको छ।

१०) गत मङ्सिर १७ गते नेपाल-कतार संयुक्त समितिको चौथो बैठक काठमाडौंमा भएको छ। सो क्रममा नेपाल र कतारबीच श्रम सम्झौता पुनरावलोकन गर्ने सहमति भएको छ। नेपालको वैदेशिक रोजगारीको प्रमुख गन्तव्य कतारमा काम गरेर फर्केका नेपालीको आर्थिक सामाजिक पुनःएकीकरणका लागि नेपालले गर्ने प्रस्तावअनुसार अघि बढ्न कतारी पक्षले सहमति जनाएको छ।

११) वैदेशिक रोजगारीमा जाने नेपालीलाई सहज रूपमा कोभिड विरुद्धको खोप (जोनसन एण्ड जोनसन) को व्यवस्था मिलाइएको छ।

१२) सुरक्षित वैदेशिक आप्रवासनसम्बन्धी परियोजना आगामी आर्थिक वर्षदेखि थप दुई वर्ष सञ्चालन गर्न प्रक्रिया अघि बढाइएको छ।

१३) श्रम, रोजगारी तथा सामाजिक सुरक्षा क्षेत्रलाई व्यवस्थित बनाउन बिभिन्न देशका राजदूत तथा अन्तर्राष्ट्रिय सङगठनका नेपालस्थित प्रतिनिधिसँग परामर्श भएको छ। नेपाली कामदारको व्यावसायिक सुरक्षा सुनिश्चित गर्न, करार सम्झौताका व्यवस्थालाई प्रभावकारीरूपमा लागू गराउन आग्रह गरिएको छ।

१४) कोरोना भाइरस महामारी अघि प्राप्त भएका डिमान्ड पुनःप्रमाणीकरण गर्न खर्चिलो, झन्झटिलो र असम्भव प्रायः भएकाले रोजगारदाता मुलुकबाट २०७६ फागुन अघि वैदेशिक रोजगारीमा नेपाली श्रमिक पठाउन प्राप्त भएका मागपत्र कार्यान्वयनका लागि २०७९ जेठ २१ सम्म कायम रहने गरी ६ महिनाको म्याद दिएको छ।

१५) वैदेशिक रोजगार नीति परिमार्जनका लागि विज्ञ समूह गठन गरी एक महिनाको समयावैधि दिइएको छ। वैदेशिक रोजगारीका विद्यमान समस्या र चुनौतीहरूको उचित सम्बोधन र व्यवस्थापनका लागि कार्यदलस्तरमा अध्ययन अघि बढाइएको छ।

१६) यो अवधिमा तीन हजार ८२० जनालाई सीपमूलक तालिम सञ्चालन गर्ने गरी व्यावसायिक सीप तथा तालीम परिषद् (सिटिइभिटी)का आङ्गिक क्याम्पससँग सम्झौता गरिएको छ। वैदेशिक रोजगारीमा जाने कामदारका लागि प्रदान गरिने पूर्वप्रस्थान अभिमुखीकरण तालिमका लागि महोत्तरीमा ५० जनालाई प्रशिक्षक प्रशिक्षण तालिम दिइएको छ।

**(ख) आन्तरिक रोजगारी प्रवर्द्धन**

१७) प्रधानमन्त्री रोजगार कार्यक्रमबारे प्रदेशस्तरमा समीक्षा र अन्तर्क्रिया गरिएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन ज्यालादर वृद्धि, दुर्घटना बीमाको व्यवस्था गर्नुका साथै स्वास्थ्य र शिक्षा क्षेत्र समेट्ने गरी कार्यक्षेत्र थप गरी कार्यविधि संशोधन गरिएको छ।

१८) नेपाली महिलालाई घरेलु श्रमिकका रुपमा वैदेशिक रोजगारीमा पठाउने कार्यलाई व्यवस्थापन तथा नियमन गर्न नीतिगत, कानूनी, संरचनागत व्यवस्था तथा अन्तर्राष्ट्रिय अभ्यास समेतको अध्ययन गर्न कार्यदल गठन गरिएको छ।

१९) स्थानीयस्तरमा रहेका रोजगारीको सम्भावनाका क्षेत्र पहिचान गर्न र आन्तरिक रोजगारी प्रवर्द्धन गर्न प्रदेशगत रूपमा स्थानीय सरोकारवालाहरूसँग छलफल गरिएको छ।

२०) स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि सञ्चार रणनीति र कार्ययोजना तयार गरी बजेट बाँडफाँड गरिएको छ।

२१) स्थानीय तहमा सूचीकृत बेरोजगारलाई कार्यस्थलमा तालिम दिन ६ वटा सीपको क्षेत्रमा पाठ्यक्रम बनाइएको छ। निकट भविष्यमा तालिम कार्यक्रम सञ्चालन हुनेछ।

२२) प्रधानमन्त्री रोजगार कार्यक्रम लागू भएको चौथो वर्षमा प्रवेश गरिसकेपछि म मन्त्री भएर आएपछि पहिलो पटक स्थानीय रोजगार संयोजकलाई अभिमुखीकरण गरिएको छ। पहिलोपटक वार्षिक समीक्षा गरिएको छ।

**(ग) सेवा प्रवाहमा सहजीकरण**

२३) हरेक कार्यालयमा नागरिक सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई सहयोग र सहजीकरण गरिएको छ।

२४) विभाग र कार्यालयमा वेभसाइटलाई अद्यावधिक गर्न र प्रवाह हुने सेवाको जानकारी र सूचनाहरू वेभसाइट, सामाजिक सञ्जाल वा नागरिक बडापत्रमार्फत गराउने व्यवस्था मिलाइएको छ। दैनिक रूपमा जारी गर्ने श्रम अनुमतिलगायत प्रदान गरिएका सेवाहरूको प्रतिवेदन नियमित रुपमा कार्यालयको वेभसाइट र सूचना पाटीमा प्रकाशित गर्ने व्यवस्था गरिएको छ।

२५) यो अवधिमा तीन हजार ८२० जनालाई सीपमूलक तालिम सञ्चालन गर्ने गरी सिटिइभिटीका आङ्गिक क्याम्पससँग सम्झौता गरिएको छ। वैदेशिक रोजगारीमा जाने कामदारका लागि प्रदान गरीने पूर्वप्रस्थान अभिमुखीकरण तालिमका लागि बर्दिवास, महात्तरीमा प्रशिक्षक प्रशिक्षण तालिम दिइएको छ।

२६) यही अवधिमा विभिन्न मुलुकमा अलपत्र ३७ जनाको उद्धार गरिएको छ अलपत्र ५७ श्रमिकको शव गन्तव्य देशबाट झिकाइएको छ। ३६३ जना मृतक कामदारका परिवारलाई आर्थिक सहायता प्रदान गरिएको छ भने वैदेशिक रोजगारीको क्रममा गम्भीर बिरामी भएका ४२ जनालाई आर्थिक सहायता प्रदान गरिएको छ।

**(घ) सङ्गठन व्यवस्थापन र विस्तार**

२७) वैदेशिक रोजगार प्रशासनमा सुशासन कायम गर्न वैदेशिक रोजगार व्यवस्थापन समस्या समाधान समिति गठन गरी प्रतिवेदन प्राप्त भइसकेको साथै सीप विकास प्रतिष्ठान स्थापना र सञ्चालन गर्न कानूनी आधार र समग्र सुधारका विषयमा सुझाव समिति गठन गरी प्रतिवेदन प्राप्त भएको छ। सीप तालिमलाई उद्यमशीलतासँग जोड्ने गरी कार्यक्रम अघि बढेको छ।

२८) सीप सिकाएर राम्रा गन्तव्य मुलुकमा श्रमिक पठाउन सातै प्रदेशमा सीप विकास तालिम प्रतिष्ठान निर्माणको लागि अध्ययन अघि बढाइएको छ। सरकारका विभिन्न निकायबाट हुँदै आएका सबै खाले सीप तालिमलाई एकत्रित रूपमा सञ्चालन गर्ने तयारी अघि बढेको छ।

२९) वैदेशिक रोजगारीबाट फर्किने श्रमिकलाई पुनःएकीकरण, सामाजिक तथा आर्थिक सशक्तीकरणको योजना अघि बढेको छ। स्वीजरल्याण्ड सरकारको अनुदान सहयोगमा आप्रवासी पुनःएकीकरणको कार्यक्रम लागू हुँदैछ। वैदेशिक रोजगारीमा गइ फर्केका नेपाली नागरिकको पुनःएकीकरण सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७८ तयार गरिएको छ।

३०) श्रम सहचारी छनोट तथा नियुक्तिसम्बन्धी कार्यविधि तथा मापदण्ड, २०७३ परिमार्जन गरी समसामयिक बनाउन कार्यदल गठन गरी प्रतिवेदन प्राप्त भइसकेको छ।

३१) निकट भविष्यमा सञ्चालन हुने भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा श्रम डेस्क स्थापनाका लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन गरी काम अघि बढाइएको छ।

३२) कार्यस्थलमा हुने व्यवसायजन्य सुरक्षाका लागि सबै श्रम कार्यालयलाई श्रमिकको अधिकतम सुरक्षा प्रत्याभूत हुने गरी काम गर्न निर्देशन दिइएको छ।

(ङ) सामाजिक सुरक्षा

३३) सामाजिक सुरक्षा कोषको दायरालाई फराकिलो बनाइ स्वरोजगार व्यक्ति, वैदेशिक रोजगारीमा गएका श्रमिक, असङ्गठित क्षेत्रका श्रमिक एवम् करार र ज्यालादारीमा कार्यरत श्रमिकलाई आबद्ध गर्ने गरी तयारी अघि बढाइएको छ।

३४) सामाजिक संरक्षण, सहायता, योगदानमा आधारित सामाजिक सुरक्षा, सीप विकास, रोजगारी प्रवर्द्धनजस्ता सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमलाई एकीकृत रुपमा सञ्चालन गर्न तयारी छ।

३५) सामाजिक सुरक्षा कोषका शाखा सातवटै प्रदेशस्तरमा लैजाने योजना अघि बढेको छ। यससम्बन्धमा कानून, ऐन, नियम संशोधन तथा परिमार्जनका लागि कार्यदलस्तरमा तयारी गरिएको छ।

# मन्त्री आलेलाई कोरोना संक्रमण

काठमाडौं, ३ माघ (रासस)।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेलाई कोरोना सङ्क्रमण पुष्टी भएको छ।

सोमबार गरिएको कोरोना परीक्षणकाक्रममा मन्त्री आले सङ्क्रमित भएको पुष्टि भएको उहाँको सचिवालयले जनाएको छ।

मन्त्री आलेसहित उहाँका स्वकीय सचिव हेमन्त रेग्मीलाई पनि कोरोना सङ्क्रमण पुष्टी भएको छ। हाल दुवैजना निवासमै आइसोलेशनमा हुनुहुन्छ।

मन्त्री र स्वकीय सचिवको सम्पर्कमा आएका सबै जनालाई सतर्कता अपनाउन र कोरोना जाँच गर्न आग्रह गरिएको सचिवालयले जनाएको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोरोना खोप लक्ष्यउन्मुख बुस्टर डोज दिन सुरु

काठमाडौँ, ३ माघ (रासस)।

सरकारले कोरोना भाइरसविरुद्धको खोप लक्ष्यउन्मुख जनसङ्ख्यालाई लगाएको छ। छ महिनाअघि बनेको वर्तमान सरकारले नागरिकलाई कोरोनाविरुद्धको खोपलाई प्राथमिकता दिएको थियो र पुस मसान्तसम्म लक्षित समुदायको दुई तिहाइ जनसङ्ख्यालाई खोप दिने लक्ष्य लिएको थियो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अहिले ७९.५ प्रतिशत पहिलो मात्रा र करिब ६१ प्रतिशत पूर्ण मात्राको खोप लगाएको छ। दुई तिहाइ ६६ प्रतिशतमध्ये पहिलो मात्रा लक्ष्य भन्दाबढी अर्थात् ७९.५ प्रतिशत हो भने पूर्ण मात्रा पनि लक्ष्यको नजिक पुगेको छ।

सरकारले लिएको खोपको लक्ष्यअनुसार कार्यक्रममा सफलता पाइरहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। त्यस्तै अहिलेसम्मको तथ्याङ्क हेर्दा मनाङ, मुस्ताङ र कास्कीमा शतप्रतिशत खोप दिइएको छ। सरकारले पुस मसान्तभित्र लक्ष्य जनसङ्ख्याको दुई तिहाइ र आगामी चैत मसान्तसम्म १६ वर्ष माथिका सबैलाई खोप लगाउने लक्ष्य लिएको छ।

यता सरकारले अग्रपङ्क्तिमा काम गर्नेलाई 'बुस्टर' डोज दिन थालेको छ। यस्तै माघ १४ गतेदेखि ६० वर्षभन्दा माथिका सबै ज्येष्ठ नागरिक र रोग प्रतिरोधात्मक क्षमता कम भएका व्यक्तिलाई 'बुस्टर' डोज दिने भएको हो। सो कार्य सुरु भइसकेको छ। सरकारले १८ वर्षभन्दा माथिका एक करोड ९९ लाख २२ हजार १६४ जनालाई खोप लगाउने लक्ष्य लिएको थियो। पहिलो मात्रा एक करोड ५८ लाख ३७ हजार ६७१ जना र पूर्ण मात्रा एक लाख २१ हजार २७ लाख ८२९ जनाले लगाएका छन्। कुल जनसङ्ख्याको भने पहिलो मात्रा ५२.१ प्रतिशत र पूर्ण मात्रा ३९.९ प्रतिशतले लगाएका छन्।

यस्तै १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकालाई मन्त्रालयले मोडर्ना र फाइजर खोप लगाइरहेको छ। बालबालिकालाई अहिलेसम्म ५२ प्रतिशत पहिलो मात्रा र ०.१ प्रतिशत पूर्ण मात्राको खोप लगाइसकेका स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लालले जानकारी दिनुभयो।

**बागमती र गण्डकी प्रदेशले लक्ष्यअनुसारको खोप**

उहाँकाअनुसार प्रदेशअनुसार बागमती र गण्डकीले लक्ष्यअनुसार खोप लगाइसकेका छन्। बागमती प्रदेशले पहिलो मात्रा ८२ प्रतिशत र पूर्ण मात्रा ७६ प्रतिशत तथा गण्डकी प्रदेशले पहिलो मात्रा ८३ प्रतिशत र पूर्ण मात्रा ८२ प्रतिशतले खोप लगाइसकेका छन्।

प्रदेश नं १ ले पहिलो मात्रा ७४ प्रतिशत र पूर्ण मात्रा ५४ प्रतिशत, प्रदेश नं २ ले पहिलो मात्रा ५७ प्रतिशत र पूर्ण मात्रा ४८ प्रतिशत, लुम्बिनी प्रदेशले पहिलो मात्रा ७३ प्रतिशत र पूर्ण मात्रा ५७ प्रतिशत, कर्णाली प्रदेशले पहिलो मात्रा ५६ प्रतिशत र पूर्ण मात्रा ५१ प्रतिशत तथा सुदूरपश्चिम प्रदेशले पहिलो मात्रा ६४ प्रतिशत र पूर्ण मात्रा ५९ प्रतिशतले खोप लगाइसकेका छन्।

**मनाङ, मुस्ताङ र कास्कीले शतप्रतिशतलाई खोप**

महाशाखाका निर्देशक डा लालका अनुसार मनाङ, मुस्ताङ र कास्कीले जिल्लाले पूर्ण मात्राको शतप्रतिशत नै खोप लगाइसकेका छन् भने बाजुरा जिल्लाले पहिलो मात्रा खोप लक्षित वर्गको शतप्रतिशतलाई खोप लगाइसकेको छ।

गण्डकी प्रदेशमा नवलपरासी (पूर्व)ले बाहेक सबै जिल्लाले लक्ष्यअनुसार दुई तिहाइ जनसङ्ख्यालाई खोप लगाइसकेका छन्। प्रदेश नं १ का ताप्लेजुङले ६६.४ प्रतिशत, सङ्खुवासभाले ७७.६ प्रतिशत र ओखलढुङ्गाले ६९.८ प्रतिशतले पूर्ण मात्राको खोप लगाइसकेका छन्। प्रदेश नं २ का कुनै पनि जिल्लाले लक्ष्यअनुसारको पहिलो र पूर्ण मात्राको खोप लगाएका छैनन्।

बागमती प्रदेशका धादिङ, नुवाकोट, सिन्धुली र मकवानपुरबाहेक सबै जिल्लाले पूर्ण मात्राको खोप लक्ष्यअनुसार दुई तिहाइ जनसङ्ख्यालाई लगाइसकेका छन्। उपत्यकाका काठमाडौँ ९०.६ प्रतिशत, भक्तपुरमा ९२ प्रतिशत र ललितपुरले ८४.९ प्रतिशत लक्षित जनसङ्ख्यालाई पूर्ण मात्राको खोप दिइसकेको छ।

यस्तै लुम्बिनी प्रदेशमध्ये रोल्पाले ६९.८ प्रतिशत, अर्घाखाँची ६६.६ प्रतिशत, पाल्पा ८०.२ प्रतिशत, रुपन्देही ७८.३ प्रतिशतले पूर्ण मात्राको खोप लगाई लक्ष्यअनुसार खोप लगाएका छन्। यस्तै कर्णाली प्रदेशको सुर्खेत जिल्लाले मात्र पूर्ण मात्रा ६५.३ प्रतिशत र सुदूरपश्चिमको बाजुरा जिल्लाले पूर्ण मात्रा ७४.९ प्रतिशत, दार्चुलाले पूर्ण मात्रा ६८.४ प्रतिशत, कञ्चनपुर जिल्लाले पूर्ण मात्रा ७०.९ प्रतिशत लगाएको छ।

**३३ पालिकाले शतप्रतिशत खोप लगाए**

उहाँका अनुसार ३३ स्थानीय तहले लक्षित जनसङ्ख्याको शतप्रतिशतलाई पूर्ण मात्राको खोप लगाएका छन्। ओखलढुङ्गाका सिद्धिचरण नगरपालिका र खिजीडेम्बा गाउँपालिका, झापाको कन्काई नगरपालिका र विर्तामोड नगरपालिका, दोलखाको गौरीशङ्कर गाउँपालिका र जिरी नगरपालिका, रसुवा गोसाइँकुण्ड गाउँपालिका र उत्तरगया गाउँपालिकाले शतप्रतिशतलाई खोप लगाइसकेका छन्।

यस्तै काठमाडौँको कागेश्वरी मनहरा नगरपालिका, भक्तपुरका भक्तपुर नगरपालिका र चाँगुनारायण नगरपालिका, ललितपुरको महालक्ष्मी नगरपालिका, काभ्रेको धुलिखेल नगरपालिकाले लक्षित जनसङ्ख्याको शतप्रतिशत खोप लगाएका छन्।

यस्तै मकवानपुरको हेटौँडा उपमहानगरपालिका, गोर्खाको गोरखा नगरपालिका र धार्चे गाउँपालिका तथा गण्डकी गाउँपालिका, मनाङको नामे र नासोङ गाउँपालिका, मुस्ताङका पाँचैवटा स्थानीय तहले पनि शतप्रतिशत पूर्ण मात्राको खोप लगाइसकेका छन्।

कास्की जिल्लाको पोखरा उपमहानगरपालिका, मादी र रुपा गाउँपालिका, तनहुँको व्यास नगरपालिका, स्याङ्जाको पुतलीबजार र भिरकोट नगरपालिका, बागलुङको ताराखोला गाउँपालिका, रुपन्देहीको तिलोत्तमा नगरपालिकाले पनि लक्षित जनसङ्ख्यालाई पूर्ण मात्रा खोप दिइसकेको छ।

यस्तै पहिलो मात्रा शतप्रतिशत लक्षित समूहलाई खोप लगाइसकेको बाजुरा जिल्लाको बूढीगङ्गा नगरपालिकाले मात्र पूर्ण मात्राको खोप पनि शतप्रतिशत लक्षित समूहलाई लगाइसकेको छ। बैतडीको पाटन नगरपालिकाले ९९.३ प्रतिशत लक्षित जनसङ्ख्यालाई पूर्ण मात्रा खोप दिइसकेको छ।

### *नेपाल भारत मैत्री ...*

व्यवस्था मिलाइएको अस्पताल संचालक समितिका अध्यक्ष समेत रहेका नेपाल भारत मैत्री संघका राष्ट्रिय सहअध्यक्ष शैलेन्द्र मोहन झाले बताए।

संघका सप्तरी अध्यक्ष मनोज मुन्धडाको अध्यक्षतामा आयोजित शिविर उद्घाटन समारोहमा मधेशी आयोगकी सदस्य आभासेतु सिंह, नेपाल कांग्रेस प्रदेश १ का महाधिवेशन प्रतिनिधि विजय रिजाल, अधिकारकर्मी जंगबहादुर सिंह, पत्रकार मनोज कुमार माझी लगायतले पनि शुभकामना दिँदै शिविरबाट लक्षित वर्गले फाइदा लिने विश्वास व्यक्त गरे।

शिविरमा विशेषज्ञसहितको चिकित्सक टोलीद्वारा जनरल सर्जरी, मुटु रोग , शल्यक्रियासहित नाक कान घाटी रोग, मानसिक रोग, स्त्री रोग (पाठेघर सम्बन्धी शल्यक्रियासहित), बाल रोग, हाडजोर्नी रोग, दन्त रोग लगायतको निशुल्क उपचार सेवा प्रदान गरिने नेपाल भारत मैत्री संघ सप्तरीका अध्यक्ष मुन्धडाले जानकारी दिए।

माघ ९ गतेसम्म चल्ने शिविरमा डा. राजिव मिश्र, डा. सुनिल सिंह, डा. सन्तोष झा, डा. ज्ञानेन्द्र झा, डा. सरोज साह, डा. अस्मिता मण्डल, डा. दिनेश उप्रेतीलगायत एक दर्जन विशेषज्ञको टोलीले सेवा प्रदान गर्ने सो अस्पतालले जनाएको छ।



अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## विश्व समाचार

### पाकिस्तानको कराँचीमा कोभिड पोजिटिभ दर ४० प्रतिशत

इस्लामाबाद, पाकिस्तान, ३ माघ (रासस/एएनआई)।

पाकिस्तानको कराँचीमा आइतबार ४० प्रतिशतलाई कोभिड-१९ पोजिटिभ देखिएको छ। यस डरलाग्दो दरले देशको चिकित्सा समुदायमा तरंग फैलिएको एक मिडियाको समाचारमा जनाइएको छ।

यो पछिल्लो वृद्धि कोभिड १९ को पाँचौं लहरको कारणले भएको जनाइएको छ। कोभिड १९ सङ्क्रमण यसवर्ष मार्चको मध्यमा शिखरमा पुग्ने डन अखबारले जानकारी दिएको छ। सोमबार पाकिस्तानमा ४ हजार ३४० नयाँ व्यक्तिलाई कोरोना सङ्क्रमण भएको जनाइएको छ।

पाकिस्तानमा परिक्षण गरिएका व्यक्तिहरुमा ८.७ प्रतिशतलाई कोरोना पोजेटिभ रहेको बताइएको छ। स्वास्थ्य विभागले पछिल्लो २४ घण्टामा कराचीमा ३९.३९ प्रतिशतमा संक्रमण दर पुगेको जनाएको छ। डनका अनुसार रि सङ्क्रमितहरु करिब ९५ प्रतिशत ओमिक्रोन भेरियन्टका देखिएको जनाइएको छ।

अधिकारीले डाक्टर, नर्स र प्यारामेडिकहरुमा बढ्दो सङ्क्रमण सङ्ख्या रहेको यसमा चिन्ता व्यक्त गरेका छन्। यो ५०० भन्दा कम नहुने एक वरिष्ठ अधिकारीलाइ उद्धृत गर्दै डनले जनाएको छ। पाकिस्तानमा हालसम्म १३ लाखभन्दा बढी कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ। दक्षिण एसियाली देशमा पनि भाइरसका कारण २९ हजार १९ जनाको मृत्यु भएको छ।

सिन्धको प्रान्तीय सरकारले आइतबार मास्क लगाउन अस्वीकार गर्ने सरकारी कर्मचारीको तलब कटौतीको घोषणा गरेको जियो न्यूजले जनाएको छ। प्रदेशमा बढ्दो कोभिड-१९ को सङ्क्रमणलाई मध्यनजर गर्दै उक्त निर्देशन जारी गरिएको हो।

### भारतमा थप दुई लाख ५८ हजार नयाँ सङ्क्रमित

नयाँ दिल्ली, ३ माघ (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट पछिल्लो एक दिनमा थप दुई लाख ५८ हजार ८९ जना सङ्क्रमित भएका छन्। अघिल्लो दिनको तुलनामा दैनिक सङ्क्रमितहरुको सङ्ख्या घटेको देखिएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले सोमबार जनाएको छ।

आइतबार सार्वजनिक गरिएको विवरणअनुसार पछिल्लो २४ घण्टामा दुई लाख ७१ हजार २०२ जना नयाँ सङ्क्रमित थपिएका थिए। भारतमा अहिलेसम्म कुल तीन करोड ७३ लाख ८० हजार २५३ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन्। ती मध्ये १६ लाख ५६ हजार ३४१ जना अहिले पनि सङ्क्रमित अवस्थामै रहेका छन्।

सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या दिन प्रति दिन बढ्दै गइरहेको पनि मन्त्रालयका अधिकारीहरुले जनाएका छन्। अहिलेसम्म सङ्क्रमित मध्ये आठ हजार २०९ जना मात्रै ओमिक्रोनबाट सङ्क्रमित रहेको पाइएको छ। पछिल्लो २४ घण्टामा भारतमा कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या एक लाख ५१ हजार ७४० रहेको छ।

एउटै अवधिमा नयाँ सङ्क्रमितहरुको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या झण्डै एक लाख कम भएकाले दैनिक रुपमा सक्रिय सङ्क्रमितहरुको सङ्ख्या बढ्दै गएको हो।

भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या तीन करोड ५२ लाख ३७ हजार ४६१ रहेको मन्त्रालयले जनाएको छ। पछिल्लो एक दिनमा ३८५ जनाको कोरोनाका कारण मृत्यु भएको छ भने अहिलेसम्म कोरोनाका कारण मृत्यु भएकाहरुको सङ्ख्या चार लाख ८६ हजार ४५१ रहेको छ।

### सन् २०२१ मा चीनको जन्मदर न्यून

बेइजिङ, ३ माघ (रासस/एएफपी)।

चीनको जन्मदर गतवर्ष न्यूनमा झरेको आधिकारिक तथ्याङ्कले सोमबार देखाएको छ। विश्लेषकहरूले अपेक्षा गरेभन्दा बढी बुढ्यौलीको कारण आर्थिक वृद्धिको चिन्तालाई गहिरो बनाउन सक्ने चेतावनी दिएका छन्।

बेइजिङले जनसंख्याको बढ्दो सङ्कटको सामना गरिरहेको छ किनभने यसले द्रुत रूपमा वृद्ध कार्यबल, सुस्त अर्थतन्त्र र दशकमा देशको सबैभन्दा कमजोर जनसङ्ख्या वृद्धिको सामना गरिरहेको छ। राष्ट्रिय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार सन् २०२० मा १००० व्यक्तिमा ८.५२ दर रहेकोमा सन् २०२१ मा ७.५२ मा झरेको सो विभागले जनाएको छ ।

सो विभागकाअनुसार सन् १९४९ मा कम्युनिष्ट चीनको स्थापना हुँदाको रेकर्ड सुरु भएयता यो तथ्याङ्क सबैभन्दा कम हो। सन् २०२१ मा, देशले एक करोड ६ लाख २० हजार जन्मदर्ता गरेको छ। आधिकारिक तथ्याङ्कअनुसार, यसैसँगै देशको जनसङ्ख्या १ अर्ब ४१ करोड पुगेको छ। जनसाङ्ख्यिकीय चुनौती राम्ररी थाहा छ तर जनसङ्ख्या बुढ्यौलीको गति अपेक्षा भन्दा छिटो छ," पिनपोइन्ट एसेट म्यानेजमेन्टका प्रमुख अर्थशास्त्री झिवेई झाङले बताउनुभएको छ।

"यसले चीनको सम्भावित वृद्धि अपेक्षा गरेभन्दा छिटो नहुने सङ्केत पनि गर्छ," उहाँले भन्नुभएको छ। एक दशकमाा एक पटक गरिने गतवर्षको जनगणनाको नतिजाअुसार चीनको जनसङ्ख्या सन् २०६० पछि सबैभन्दा कम दरमा बढेको छ।

# कोरोना त्रासलाई वेवास्ता गर्दै कोशी स्नान गर्नेको भिड

**दैनिक समाचारदाता**
**राजबिराज, ३ माघ ।**
हाल नेपालमा पनि फैलिदै गएको कोरोना महामारीको त्रासका बाबजुद कोशी पूर्णिमा अन्तरगत सोमबार सप्तकोशी नदीमा स्नान गर्न श्रद्धालु भक्तजनको भिड लागेको छ ।

स्थानिय प्रशासनले मेला आयोजना नगर्न आग्रह गरेपछि यस पल्ट मेला नलागे पनि माघे संक्रान्ति पर्वको अवसर पारेर स्नान गर्ने श्रद्धालु भक्तजनहरुको भिड लागेको हो ।

कोशी पूर्णिमाका दिन नदीमा नुहाउनाले गंगा स्नान सरहको पून्य प्राप्ति हुने जनबिश्वास रहेकोले हिन्दु धर्मावलम्बीहरुले कोशीमा नुहाउने गरेको छन् । यस्तै सप्तकोशी ब्यारेजबाट निस्केको नहरमा समेत सोमबार बिहानै कोशी स्नान गर्नेको भिड लागेको छ ।

पूर्णिमा स्नानका लागि जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका, राजगढ गाउँपालिका र राजबिराज नगरपालिकाले सोमबार सार्वजनिक विदा समेत दिएको छ ।

# ‘कोरोनाविरुद्धको खोपको समस्या छैन’

विराटनगर, ३ माघ (रासस) ।
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाले कोभिड-१९ विरुद्ध खोप अभियान उच्च प्राथमिकताका साथ सञ्चालन भइरहेको जानकारी दिनुभएको छ ।

समाजवादी प्रेस सङ्गठन मोरङद्वारा सोमबार यहाँ आयोजित पत्रकार भेटघाटमा उहाँले खोप अभियान सात वटै प्रदेशमा तालिका बनाएर अझ प्रभावकारी रुपमा सञ्चालन गर्ने नीति सरकारको रहेको छ भन्नुभयो । मन्त्री खतिवडाले कोरोना विरुद्ध खोपको समस्या नरहेको जनाउँदै अहिले चार करोड डोज खोप रहेको बताउनुभयो ।

समग्र जनसङ्ख्याका आधारमा ४० प्रतिशत जनताले खोप लगाइसकेको जानकारी दिँदै उहाँले खोपका लागि अस्थायी डेस्क पनि राखिने बताउनुभयो । उहाँलेभ भन्नुभयो “बढी भीडभाड हुने सहरमा नियमित खोप सञ्चालन गर्ने सरकारको तयारी छ । हालसम्म दुई करोड ८० लाख डोज खोप लगाइसकिएको छ ।”

उहाँले गत पुस ४ देखि १२ वर्षमाथि र १८ वर्षमुनिका बालबालिकालाई खोप लगाउने कार्य सञ्चालन भइसकेको बताउनुभयो । उहाँका अनुसार अहिलेसम्ममा दुई डोज खोप लगाउने नागरिकको प्रतिशत ६० पुगेको छ ।

सरकार ओमिक्रोनको रोकथाम, उपचार एवं नियन्त्रण गर्नका लागि तयारी गरिसकेको जनाउँदै उहाँले सरकार होल्डिङ सेन्टर निर्माण गर्ने र अस्पतालमा आइसियु, भेन्टिलेटरको व्यवस्थासँगै धेरै अस्पतालमा अक्सिजन प्लान्ट स्थापना भइसकेको छ भन्नुभयो ।

कोरोनाको महामारीका समयमा नागरिकले गरेको बीमा लाभग्राहीले प्राप्त गर्न सरकार र कम्पनीसँग छलफल भइरहेको जानकारी दिनुभयो ।

# छ हजार ७ सय ३४ संक्रमित थपिए

काठमाडौँ, ३ माघ (रासस) ।
देशभर पछिल्लो २४ घण्टामा थप ६ हजार ७३४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

पछिल्लो २४ घण्टामा १७ हजार ४६५ जनाको नमूना परीक्षण गरिएको थियो । १४ हजार १४ जनाले पीसीआर र तीन हजार ४५१ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

गत २४ घण्टामा ५४७ जना कोरोना भाइरसबाट संक्रमणमुक्त भएका छन् । यससँगै संक्रमण मुक्त हुनेको संख्या आठ लाख १६ हजार ९८५ पुगेको छ । यो दर ९५ दशमलव एक प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गरिँदा आठ लाख ५९ हजार ४८५ र एन्टिजेन विधिबाट परीक्षण गरिँदा एक लाख दुई हजार ४५५ जना संक्रमित भएको मन्त्रालयले जनाएको छ । पीसीआर विधिबाट परीक्षण गर्नेको संख्या ५० लाख १८ हजार २४८ र एन्टिजेन विधिबाट परीक्षण गर्नेको संख्या आठ लाख ९१ हजार ४६ पुगेको छ । कूलमा संक्रमण दर १७ दशमलव एक प्रतिशत छ ।

कोभिड विरुद्धको खोप लगाउनेको संख्या पछिल्लो २४ घण्टामा एक लाख ४३ हजार ३६० रहेको छ । हाल सक्रिय संक्रमितको संख्या ३० हजार ८७७ रहेको छ ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट तीन जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ६२३ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर एक दशमलव चार प्रतिशत छ । प्रतिशत १० लाख जनसंख्यामा मृत्युदर ३८२ दशमलव छ रहेको छ ।

हाल भेन्टेलेटरमा रहनेको संख्या जम्मा २६ र आइसियूमा १३९ रहेको छ । होम आइसोलेशनमा २९ हजार ७०५, संस्थागत आइसोलेशनमा एक हजार १७२ र क्वारेन्टिनमा १०० जना रहेका छन् ।

हाल देशभरमा ५०० भन्दा बढी सक्रिय संक्रमित भएका जिल्लामा मोरङ, सुनसरी, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवान, कास्की, रुपन्देही र कैलाली रहेका छन् भने २०० भन्दा बढी उपचारार्थ संक्रमित रहेका जिल्लामा झापा, धनुषा, पर्सा, मकवानपुर, काभ्रेपलाञ्चोक, नवलपरासी पूर्व, बाँके र दाङ छन् । यस्तै शून्य संक्रमित रहेका जिल्ला कुनै पनि नभएको मन्त्रालयले जनाएको छ ।

# चिसोले कठचाङ्ग्रिएर महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, ३ माघ ।**
सिरहाको गोलबजार ३ मा आइतबार एक महिलाको अत्यधिक चिसोका कारण कठचाङ्ग्रिएर मृत्यु भएको छ ।

गोलबजार नगर क्षेत्रमा मागि खाँदै आएकी ५० वर्षीया महिलाको शव गोलबजार नगरपालिका ३ नमुना दलित बस्ती नजिकै फेला परेको प्रहरीले जनाएको छ ।

बिगत केही दिनदेखि बढेको अत्यधिक चिसो र शीतलहरका कारण महिलाको मृत्यु भएको स्थानीयवासीले बताएका छन् ।

यता प्रहरीले महिलाको शव परीक्षणका लागि लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पतालमा पठाएको र घटनाबारे अनुसन्धान भइरहेको जनाएको छ ।

यसअघि चिसोका कारण सिरहा, सप्तरी र धनुषामा एक-एक जनाको कठचाङ्ग्रिएर मृत्यु भएको थियो ।

# हतियारसहित एक युवक पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, ३ माघ ।**
सिरहा प्रहरीले गोलबजार नगरपालिका ६ डोहटियाबाट हतियारसहित एक युवकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा स्थानीय २७ वर्षीय पङ्कजकुमार महतो रहेको प्रहरीले जनाएको छ ।

आफ्नै घरमा हतियार लुकाइछिपाइ राखेको गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको प्रहरी टोलीले एक थान म्यागिजनसहित महतोलाई पक्राउ गरेको सिरहा प्रहरीले जनाएको छ ।

पक्राउ परेका महतोमाथि थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय गोलबजारले जनाएको छ ।

# चाँदीसहित भारतीय नागरिक पक्राउ

**दैनिक समाचारदाता**
**बारा, ३ माघ ।**
बाराको जितपुरसिमरा उपमहानगरपालिका १ बाट आइतबार ११ केजी चाँदीसहित एक भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ ।

भारत बिहार जिल्ला मोतीहारी ढाका बस्ने २३ वर्षीय सुनिल गुप्तालाई पक्राउ गरी आवश्यक कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया पठाइएको प्रहरीले जनाएको हो ।

बीरगञ्जबाट पथलैयातर्फ जाँदै गरेको ना३३प ८५२६ नंको मोटरसाइकल रोकी जाँच गर्ने क्रममा उक्त मोटरसाइकलको तेल ट्याङ्कीको भित्र फल्स बटन बनाई सोहीभित्र लुकाइछिपाइ राखिएको उक्त चाँदी बरामद गरिएको थियो ।

इलाका प्रहरी कार्यालय सिमरा बाराबाट खटिएको प्रहरी टोलीले रु १२ लाख ४२ हजार ९७३ मूल्य बराबरको ११ किलो ५०० ग्राम चाँदीको तयारी पाउजु, बाला, चाबी रिङ, बुट्टी तथा कल्लीलगायत तयारी गहना फेला परेका हो ।

बरामद तयारी गहनासहित पक्राउ परेका मोटरसाइकल चालक गुप्तालाई आवश्यक कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा पठाइएको प्रहरीले जनाएको छ ।

# बालिका हत्यामा संलग्न भएको आरोप आमाछोरा पक्राउ

**दैनिक समाचारदाता**
**बारा, ३ माघ ।**
एक बालिकालाई जबर्जस्ती करणी गरी हत्यामा संलग्न रहेको आरोपमा बारा प्रहरीले एकै परिवारका आमाछोरालाई पक्राउ गरी आइतबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा जिल्ला बारा आदर्श कोतवाल गाउँपालिका ८ टोल कोतवाली निवासी २० वर्षीय छोरा सन्तोष साह कानु र ४० वर्षीय आमा शान्ति देवीलाई पक्राउ गरी सार्वजनिक गरेको हो ।

बारा आदर्श कोतवाल गाउँपालिका ७ की नौ वर्षीया बालिकालाई जबर्जस्ती करणी गरी हत्यामा संलग्न रहेको आरोपमा उनीहरूलाई प्रहरीले पक्राउ गरेको छ ।

गत पुस २७ गते गाउँपालिका-७ स्थित जमुनीखोलामा बालिकाको शव फेला परेको थियो ।

कोभिडबाट सचेत र सतर्क रहौं

कोरोना संक्रमणको जोखिम कायमै छ ।

यसले कुनैपनि समय महामारीको रूप लिन सक्दछ ।

त्यसैले तत्काल कोरोना विरुद्धको खोप लिऔं, जमघट तथा भिडभाडमा जाँदा

अनिवार्य रूपमा स्वास्थ्य मापदण्डको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*